संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

प्रेस विज्ञप्ति - २०६५ असार २६

## उच्चायुक्तको कार्यालय-नेपालद्वारा पूर्वाञ्चल क्षेत्रका पत्रकारहरूलाई मानवअधिकारसम्बन्धी प्रशिक्षण

**विराटनगर**– उच्चायुक्तको कार्यालय-नेपालले नेपाल पत्रकार महासङ्घ (एफएनजे) सँग मिलेर द्वन्द्वोत्तर वातावरणमा मानवअधिकारबारे पत्रकारहरूको क्षमता अभिवृद्धि गर्ने आफ्नो दोस्रो कार्यक्रम बिहीबार धरानमा सम्पन्न गऱ्यो।

पूर्वाञ्चल क्षेत्रका १३ जिल्लाका १० महिलासहित २५ जना पत्रकारले सो ४ दिने कार्यक्रममा भाग लिए, जसले आधारभूत मानवअधिकारसम्बन्धी जानकारी प्रस्तुत गऱ्यो र आजको नेपालमा मानवअधिकारसम्बन्धी समाचार कसरी दिने भन्नेबारे सहभागीहरूलाई छलफलमा संलग्न गरायो। प्रशिक्षणमा योगदान दिने अन्य साझेदाहरूमा राष्ट्रिय मानवअधिकार आयोग (आयोग), प्रोटेक्सन डेस्क नेपाल (पत्रकारको सुरक्षासम्बन्धी), युनेस्को तथा आईसीआरसी थिए।

यस साताको कार्यक्रम मध्यमाञ्चलका पत्रकारहरूका लागि सन् २००८ मार्चमा जनकपुरमा सम्पन्न प्रशिक्षणपछि भएको हो। प्रारम्भिक कार्यक्रमले भेदभाव र जवाफदेहीतालाई विस्तृतरूपमा अध्ययन गरेको थियो भने यस साताको क्षमता अभिवृद्धि कार्यक्रम मानवअधिकार तथा संविधानसभा एवं सङ्क्रमणकालीन न्यायका मुद्दाहरूमा केन्द्रित थियो।

तेस्रो प्रशिक्षण मध्य तथा सुदूरपश्चिमाञ्चल क्षेत्रका लागि सेप्टेम्बरमा गर्ने कार्यक्रम छ।

> "हामीले नियमितरूपमा मिलेर काम गर्ने पत्रकारहरूको माग पूरा गर्नलाई यस कार्यशालाको आयोजना गर्न उच्चायुक्तको कार्यालय तथा यसका साझेदारहरू सफल भएकोमा म खुसी छु", उच्चायुक्तको कार्यालय-नेपाल पूर्वाञ्चल क्षेत्रीय कार्यालयका प्रमुख फ्रेडरिक रौस्कीले भन्नुभयो। "मलाई विश्वास छ यसले उनीहरूलाई नेपालको इतिहासको यो चुनौतीपूर्ण अवधिमा मानवअधिकारबारे महत्त्वपूर्ण जानकारी उपलब्ध गराउनुका साथै उनीहरूले आफ्नो पेसागत जीवनभर निर्माण गर्न सक्ने ज्ञानको जग स्थापना गर्न पनि मद्दत पुऱ्याएको छ।"

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org**